आज मिति २०७५/०२/१७ गते सांझ ५:३० बजे राक्सिराङ गाउंपालिकाका अध्यक्ष श्री राजकुमार मल्ल ज्युको अध्यक्षताभा बसेको बैठकको उपस्थिति एवं निर्णय ।

उपस्थिति

अध्यक्ष : श्री राजकुमार मल्ल

उपाध्यक्ष : श्री निर्मला हिम्डुङ

सदस्य : श्री कान्छाराम रुम्बा (१ नं.वडाध्यक्ष)

सदस्य : श्री सुर्य बहादुर मुक्तान (२ नं.वडाध्यक्ष)

सदस्य : श्री बाबुलाल स्याङतान (३ नं.वडाध्यक्ष)

सदस्य : श्री संजय कोईराला (४ नं.वडाध्यक्ष)

सदस्य : श्री चन्द्र सिं प्रजा (५ नं.वडाध्यक्ष)

सदस्य : श्री सिंगलाल प्रजा (६ नं.वडाध्यक्ष)

सदस्य : श्री कुल बहादुर प्रजा (७ नं.वडाध्यक्ष)

सदस्य : श्री रामकृष्ण प्रजा (८ नं.वडाध्यक्ष)

सदस्य : श्री रामकुमार वाल्पा थिंङ (९ नं.वडाध्यक्ष)

सदस्य : श्री कर्णकुमारी गोले

सदस्य : श्री सिमोन बि.क.

सदस्य : श्री सुकुमायां बि.क.

सदस्य : श्री मैनाकुमारी गोले

सदस्य : श्री गौरीमायां स्याङतान

सदस्य सचिव : श्री सुकदेव लम्साल

CamScanner

**बैठक व्यवस्थापन :**

ना.सु.चुननारायण श्रेष्ठ

लेखापाल देवेन्द्र प्रधान

प्रस्तावहरु :

१. पारिश्रमिक र सुविधा सम्बन्धमा ।

२. सवारी साधन खरिदको लागि नपुग रकम थप गर्ने सम्बन्धमा ।

३. प्राविधिक सहयोग सम्बन्धमा ।

निर्णय नं.१ : ३ नं.प्रदेश संसदबाट स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिक र सुविधाहरु निर्धारण सम्बन्धी ऐन पारित भई सोको जानकारी सहितको राजपत्र गाउंपालिकामा प्राप्त हुन आएकोले यस राक्सिराङ गाउंपालिकाका पदाधिकारीहरुलाई पनि कानुन बमोजिम नै वहाली भएको मिति २०७४ जेष्ठ ७ गते देखि लागु हुने गरी पारिश्रमिक र सुविधा उपलब्ध गराउन गाउं कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२ : यस राक्सिराङ गाउंपालिकाको दोश्रो गाउंसभाबाट संसोधित बिनियोजन ऐन, २०७४ बमोजिम चालु आ.व.२०७४/७५ को मेशीन औजार तथा सवारी साधन खरिद शिर्षकमा रु.५०,००,०००/ बजेट बिनियोजन भएकोमा कार्यालयमा अति आवश्यक टोटल स्टेशन लगायतका प्राविधिक उपकरणहरु खरिदमा रु.८,४५,०००/खर्च भएको, मोटर साईकल खरिदमा रु.२,२५,०००/ खर्च भई रु.३९,३०,०००/ बजेट बांकी भएकोमा कार्यालय प्रयोजनका लागि रु.६०,००,०००/ पर्ने सवारी साधन जीप १ थान, मोटर साईकल १ थान र IPT र नगंदी प्रिन्टर थान ८ तुरुन्तै खरिद गर्नु पर्ने भएकोले उक्त कार्यका लागि नपुग रकम रु.२५,००,०००/ स्थानीय पुर्वाधार शिर्षकमा बांकी रहेको रकमबाट रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं.३ : निर्णय नं.२ अनुसार खरिद गर्न लागिएको जीपको प्राविधिक स्पेसिफिकेशन तयार गर्न मेकानिकल प्राविधिक कर्मचारी गाउंपालिकामा नभएको हुदां प्राविधिक स्पेसिफिकेशन लगायतको प्राविधिक सहयोगको लागि हेभी ईक्युपमेन्ट डिभिजन कार्यालय,हेटोंडाका मेकानिकल ईन्जिनियर श्री वरुण कुमार साहलाई खरिद समितिको प्राविधिक सदस्यमा मनोनित गर्ने निर्णय गरियो ।